मिति २०७५ साल असार १० गते उद्घाटन भएको २७,२८,२९,३० गते संचालन भएको नगरको तेस्रो नगरसभा बाट प्रस्तुत / निर्णय भयका प्रतावना र निर्णयहरु ।

प्रस्तावहरु

१.वार्षिक नीति तथा कार्यक्रम र बजेट सम्वन्धमा

२. कार्यक्रम तथा बजेटका अनुसूची सम्वन्धमा

३. अर्थिक ऐन २०७५ र विनियोजन ऐन २०७५ सम्वन्धमा

४. मदिरा पुर्ण निषेधित सम्वन्धमा

५.नगरपालिकाको नाम र केन्द्र सम्वन्धमा

६.नगरपालिकाको मुख्यालय प्लानिङ सम्वन्धमा

७.एन नियम सम्वन्धमा

८.कर्मचारी तेरिज अनुसार व्यवस्थापन सम्वन्धमा

९. साझेदारी सम्वन्धमा

१०. विशेष अनुदान कार्यक्रम सम्वन्धमा

११.नगरले कर्जा लिने सम्वन्धमा

१२. नगरपालिकाको जग्गा मुल्याङकन (प्रति वर्ग मिटर) सम्वन्धमा

१३.समितिहरुको गठन सम्वन्धमा (लेखा समिति, विधायन समिति र सुशासन समिति)

१४. भू-उपयोग निति सम्वन्धमा

१५. खुला चरीचरन नियन्त्रण सम्वन्धमा

१६. सडक घर घडेरीको मापदण्ड नियन्त्रण सम्वन्धमा

१७. विविध

क. नगरपालिकाको व्याजदर वित्तिय व्यवस्थापन निर्धारण सम्वन्धमा

ख. वृक्षारोपण अभियान सम्वन्धमा

ग. पर्यटन प्रवर्धन सम्वन्धमा

**नि.नं. १.**

प्रस्ताव नं १ माथी छलफल गर्दा चालु आ.व. ०७४/७५ को निति , कार्यक्रम र वजेट बमोजिम नगरपालिकाले गरेका सम्पुर्ण आर्थिक क्रियाकलाप तथा कार्यक्रमलाई अनुमोदन गर्दै नगर कार्यपालिकाद्धारा प्रस्तुत आ.व. ०७५/०७६ को नीति कार्यक्रम र ३३ करोड २० हजार रुपैंयाको अनुमानित बजेट सामान्य सँसोधन सहित पारित गरियो ।

**नि.नं २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा रास्कोट नगरपालिकाको वार्षिक बजेट तथा कार्यक्रम ०७५/०७६ का अनुसुचीहरु माथि व्यापक छलफल गरि पारित गरियो ।

**नि.नं ३.**

प्रस्ताव नं ३ माथि छलफल गर्दा रास्कोट नगर सभामा पेश भएको रास्कोट नगरपालिकाको आर्थिक ऐन, २०७५ र रास्कोट नगरपालिकाको विनियोजन ऐन २०७५, माथि छलफल गरि पारित गरियो ।

**नि.नं ४.**

प्रस्ताव नं ४ माथि छलफल गर्दा तपशिलका निर्णयहरु गरियो ।

४.१ रास्कोट नगरपालिका क्षेत्र भित्र मदिरा उत्पादन, वेचविखन र सेवन गर्न पूर्ण रुपमा निशेध गर्ने ।

४.२ निर्णय नं. ४.१ विपरित कार्य गर्नेलाई पहिलो, दोस्रो र तेस्रो पटक क्रमश रु १००००, १५००० र २०००० (उत्पादक र विक्रि वितरण गर्ने लाई) सेवन गर्नेलाई क्रमश पहिलो पटक रु ५०००। ,दोस्रो पटक रु १०,०००। त्यसपछि पटकै पिछे १५,०००।- र नगरसभा सदस्य र कर्मचारीहरुले सो कार्य गरेमा माथि उल्लेखित गरिएको भन्दा दोब्वर सजाय गर्ने निर्णय गरियो ।

४.३ रास्कोट नगरपालिकालाई मदिरा उत्पादन, वेचविखन र सेवन गर्न निशेधित क्षेत्र घोषणा गरिएकाले यस नगर क्षेत्र भित्र मदिरा वेचविखन गर्न इजाजत पत्र जारी नगर्न र यस पूर्व दिइएका मदिरा वेचविखनका इजाजत पत्रहरु रद्धगर्न कोष तथा लेखा नियन्त्रण कार्यलयलाई अनुरोध गर्ने ।

**नि.नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस नगरपालिकाको नाम र केन्द्र निर्धारण सम्वन्धमा नेपाल सरकारले मिति २०७३ साल फाल्गुण २७ गते गरेको निर्णय वमोजिम नाम रास्कोट नगरपालिका र केद्र पूर्वमा वयलपाटा, पश्चिम देउरामालिका आधारभूत विद्यालय साउवाडा, उत्तर वडिमालिका माध्यामिक विद्यालय र दक्षिणमा कालाशिल्ला मोड विच रहेको रास्कोट नगरपालिका वडा नं. ५ आर.सि.पि. वजार केन्द्र रहने निर्णयलाई नै कायम राख्ने निर्णय सर्व सम्वत पारित गरियो ।

**नि.नं. ६**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा रास्कोट नगरपालिकाको मुख्यालयको प्लानिङ्ग सम्वन्धमा आ.व. ०७४/०७५ मा नगरपालिकाले तयार गरेको विस्तृत परियोजना रिपोर्ट (डि.पि.आर) अनुसार नै मुख्यालय निर्माण कार्य अगाडि वढाउने र सो कार्य पूर्व विगत लामो समय देखि सार्वजनिक स्थानमा रहेको आर.सि.पि. बजारलाई स्थानान्तरणका लागि ३ महिना भित्र सुझाव पेश गर्न तपशिलका सदस्य रहने गरि कार्यदल गठन गर्ने निर्णय गरियो ।

**तपशिल**

नगर उप-प्रमुख श्री मिमसरा वम -शाही) – संयोजक
वडा अध्यक्ष श्री दयाराम सिमखाडा – सदस्य
कार्यपालिका सदस्य श्री मन तिरुवा –सदस्य
नगर सभा सदस्य श्री टिउकी दर्जी –सदस्य
नगर सभा सदस्य श्री तोयानाथ न्यौपाने – सदस्य

**निं नं ७**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा नेपालको संविधान को अनुसुची ८ तथा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ५५ ले दिएको अधिकार अनुसार आगामी आ.व. ०७५/७६ देखि यस नगरपालिका क्षेत्र भित्र एकिकृत सम्पति कर लगाउन कानुनी व्यवस्था गर्न वाञ्छनिय भएकोले रास्कोट नगरपालिका एकिकृत सम्पती कर व्यवस्थापन कार्य विधि २०७५ स्वीकृत गर्ने निर्णय गरियो ।

**नि.नं. ८**

**प्रस्ताव नं. ८ माथि छलफल गर्दा तपशिलका निर्णयहरु गरियो ।**

**८.१** नेपाल सरकारको मिति २०७४/१२/१४ को निर्णयानुसार स्वीकृत स्थानीय तहको अन्तरिम O & M दरवन्दि विवरण अनुसार यस नगरपालिकाको स्वीकृत दरवन्दी तेरिज वमोजिमका कर्मचारी अविलम्व व्यवस्थापनका लागि नेपाल सरकार संघिय मामिला तथा समान्य प्रशासन मन्त्रालयमा अुनरोध गरी पठाउने निर्णय गरियो ।

**८.२** यस नगरपालिकाको स्वीकृत अन्तरिम दरवन्दि तेरिज भन्दा अन्य पदमा भएका नगरपालिका र वडा कार्यालयका - क्षेणी विहिन कर्मचारी वाहेक) कर्मचारीहरु लाइ निजहरुको हालसम्मको कामको लागि धन्यवाद सहित २०७५ श्रावण १ गते देखि करार म्याद थप नगर्ने निर्णय गरियो ।

**नि.नं. ९**

प्रस्ताव नं.९माथि छलफल गर्दा यस रास्कोट नगरपालिकाको हितार्थ कुनै स्वदेशी तथा विदेशी सरकारी एवं गैरसरकारी संघ संस्थाले नगरपालिकामा साझेदारीमा सार्वजनिक काम गर्न चाहेमा नगरपालिकाको हित अनुकुल र साझेदारीमा कार्य गर्ने गरी निर्णय गर्न नगर कार्यपालिका लाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निं.नं. १०**

प्रस्ताव नं. १० माथि छलफल गर्दा यस रास्कोट नगरपालिकामा सार्वजनिक हितका कार्यहरु गर्न नेपाल सरकार र कर्णाली प्रदेश सरकारसंग विशेष अनुदान कार्यक्रमको लागि पहल गरी कार्यन्वयन गर्न नगर कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**नि. नं. ११**

प्रस्ताव नं. ११ माथि छलफल गर्दा रास्कोट नगरपालिकामा सार्वजनिक हितका कार्यहरु गर्न नगरपालिकाको आन्तरिक राजस्व आम्दानी , कर्णाली प्रदेश सरकार तथा नेपाल सरकार वाट प्राप्त सशर्त अनुदान , समानिकरण अनुदान, राजस्ववाँडाफाँड को रकम अन्य राष्ट्रिय, अन्तराष्ट्रिय सरकारी तथा गैर सरकारी संघ सस्थावाट प्राप्त वजेटवाट सम्भव नदेखिएमा नेपालको संविधान र स्थानिय सरकार संचालन ऐन २०७४ बमोजिम नगरपालिकाले आन्तरिक तथा वाह्य ऋण लिनको लागि नगर कार्यपालिकालाई अध्यायन अनुसन्धान तथा स्रोत खोजि गर्न अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**नि. नं. १२.**

प्रस्ताव नं. १२ माथि छलफल गर्दा यस रास्कोट नगरपालिका क्षेत्र भित्रको जग्गा मूल्याङ्कन गर्न तपशिलका सडक खण्डलाई मुख्य तथा सहायक सडकको रुपमा जिल्ला जग्गा मूल्याङ्कन समतिलिाइ सिफारिस गर्ने निर्णय गरियो ।

<u>तपशिल</u>

**मुख्य सडक अण्ड :-**

क) शान्तिघाट - वडिमालिका मा.वि.
ख) शान्तिघाट -फुगाड
ग) तुसारखोला- चुत्रीकोट
घ) वडिमालिका मा.वि.- सम्भूनाथ
ङ) चाम्तोला -बासतोला
च) गोगने - बड्डाला
छ) आर. सि.पि. - बासतोला
ज) मेलामाडु- दानापातल

**सहायक सडकहरु**

क) वुडासैन - कर्णालीचौर
ख) चाटेखोला- कुमालवाडा
ग) द्धारेढुङ्गा- पुच्छेगाउँ

**नि. नं. १३**

प्रस्ताव नं. १३ माथि छलफल गर्दा रास्कोट नगरपालिका नगर सभा अन्तरगत तपशिलका समितिहरु गठन गर्ने निर्णय गरियो ।

**क) लेखा समिति**

संयोजक -हरिकृष्ण महत
सदस्य - बाली कुमारी शाहि

सदस्य - रण बहादुर शाहि

**ख) विधायन समिति**

संयोजक - तपेन्द्र कुमार वि.क.
सदस्य - तोयानाथ न्यौपाने
सदस्य - दान बहादुर थापा

**ग) सुशासन समिति**

संयोजन - दंगली सार्की
सदस्य - मना तिरुवा
सदस्य - सुविस्ता भण्डारी

**नि.नं. १४** प्रस्ताव नं. १४ माथि छलफल गर्दा नगरपालिकाको ५९.७२ वर्ग किलोमिटर क्षेत्रफल भएको भू-भागलाई नगरको आवश्यकता वमोजिम नेपाल सरकारले निर्माण गर्न लागेको रास्कोट नगर गुरु योजनामा सहभागी हुने विज्ञ समुहको प्रतिवेदन, परामर्शलाई मुख्य आधार मानी नगरभित्र रहेका सरोकारवाला सवै पक्षको राय सुझाव समेत लिई नगर भित्रको जमिन बाजो राख्न नपाइने, कृषि योग्य जमिनलाई खण्डिकृत गर्न नपाइने जस्ता कार्यहरु सहित समावेश गरी भू-उपयोग नीति निर्माण गर्न र कार्यान्वयन मा ल्याउने जस्ता सम्पूर्ण कार्यको जिम्मा नगर कार्यपालिका लाइ दिने निर्णय गरियो ।

**नि. नं. १५**

प्रस्ताव नं. १५ माथि छलफल गर्दा रास्कोट नगरपालिकाको सिमित वन जंगल क्षेत्र उपभोगमा अनियमितता र अव्यवस्थित तरिकाले वन क्षेत्रको  उपभोग भइरहेको अवस्था मा पर्न सक्ने वातावरण प्रतिकुलता, जलवायू परिवर्तन लाई मध्यनजर गर्दै नगरभित्रको सवै वन क्षेत्रमा खुला चरिचरण कार्य पूर्णरुपमा प्रतिवन्ध लगाउने कार्यलाइ अभियानका रुपमा अघि बढाउने र तत्कालको समस्यालाई समाधान गर्न सम्वन्धित वडा कार्यालयले निश्चत क्षेत्र लाई चरण क्षेत्र तोकी बाँकी सम्पूर्ण वनजंगल क्षेत्रलाई विशेष कार्यक्रम सहित वन क्षेत्रलाई संरक्षण कार्य गर्ने निर्णय गरियो ।

**नि.नं. १६**

प्रस्ताव नं. १६ माथि छलफल गर्दा यस रास्कोट नगरपालिका भित्र निर्माणहुने सडक र घरघडेरीको मापदण्ड तपशिल बमोजिम कायम राख्ने निर्णय गरियो ।

| **सडक तर्फ** | **न्यूनतम चौडाई** | **न्यूनतम लम्वाई** |
|---|---|---|
| क) मुख्य सडक | १२ मिटर | - |
| ख) सहायक सडक | ८ मिटर | - |
| ग) ग्रामिण सडक | ६ | - |
| **घरघडेरी तर्फ** | | |
| क) प्रति घडेरी | १० मिटर | ३० मिटर |

**नि.नं. १७ (क)**

प्रस्ताव नं. १७ (क) माथि छलफल गर्दा यस रास्कोट नगरपालिका भित्र हुने आर्थिक कारोवार (वित्तिय) मा बार्षिक २४% भन्दा वढि व्याजदर कायमन गर्ने/लिन नपाउने निर्णय गरियो ।

**नि.नं. १७ (ख)**

प्रस्ताव नं. १७ (ख) माथि छलफल गर्दा हरियाली रास्कोट नारालाई सफल बनाउन समाजमा प्रचलित जन्म, मृत्यु र विवाह जस्ता सामाजिक संस्कारमा  प्रति परिवार २० वटा रुख रोप्ने र जंगललाइ विनास हुन नदिन सवैलाई अभियानका रुपमा अगाडि बढाउने निर्णय गरियो ।

**नि.नं. १७ (ग)**

प्रस्ताव नं. १७ (ग) माथि छलफल गर्दा यस रास्कोट नगरपालिकाको पर्यटन प्रवर्धन गर्न तपशिलमा उल्लेखित क्षेत्र को विकास, मर्मत संभार र संरक्षण गर्न पर्यटन मन्त्रालय नेपाल सरकार, कर्णाली प्रदेश सरकार, पुरातत्व विभाग र सरोकारवाला सम्पूर्ण पक्ष संग माग गर्ने निर्णय गरियो ।

**तपशिल**

१) कैलाश थान मन्दिर निर्माण रास्कोट न.पा.२
२) कालाशिल्ला मन्दिर निर्माण रास्कोट न.पा. २

३) ठिगेल्ली देवी मन्दिर निर्माण रास्कोट न.पा. २
४) धवलपूरा मन्दिर निर्माण रास्कोट न.पा.३
५. ढुसासैनी मन्दिर निर्माण रास्कोट न.पा. १
६. गैरालेखी ताल निर्माण रास्कोट न.पा. २
७. चडीपानी ताल निर्माण रास्कोट न.पा. २
८. देउरामालिका ताल निर्माण रास्कोट न.पा. ८
९.चाल्ने गुफा संरक्षण रास्कोट न.पा. २
१०. वागदुला गुफा संरक्षण रास्कोट न.पा. ६
११.कालाशिल्ला मन्दिर निर्माण रास्कोट न.पा. आर.सि.पी.वजार
१२. रावलसेरा ताल संरक्षण रास्कोट न.पा. २
१३. रास्कोट, देउरा, त्रिवेणी, मालिका, पर्यटन पथ मार्ग